**आकाशवाणी समाचार- नेपाली**

मितिः २४ जुलाई २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज लन्डनमा ब्रिटेनका प्रधानमन्त्री कीर स्टार्मरसँग वार्ता गर्नुहुनेछ। प्रधानमन्त्री नरेन्द्र मोदी दुई दिने भ्रमणमा हिज राति ब्रिटेन पुग्नुभएको छ ।

- केन्द्रीय गृह तथा सहकारीता मन्त्री अमित शाहले आज नयाँ दिल्लीमा **राष्ट्रिय सहकारीता नीति-२०२५** घोषणा गर्नुहुनेछ।

- सूचना तथा प्रसारण मन्त्रालयले भारतमा १ लाख ५५ हजार भन्दा बढी प्रकाशनहरू र ९०८ निजी टिभी च्यानलहरू सहित सक्रिय प्रेस र मिडिया रहेको बताएको छ।

- हिजो इस्तानबुलमा भएको तेस्रो चरणको शान्ति वार्तामा युक्रेन र रुसका प्रतिनिधिहरूले कैदी आदानप्रदान गर्न सहमति जनाए।

- म्यानचेस्टरमा इङ्ग्ल्याण्डसँगको चौथो क्रिकेट टेस्ट म्याचको दोस्रो दिन भारतले पहिलो इनिङमा चार विकेटको क्षतिमा २६४ रन बाट अघि खेल्नेछ।

**प्रधानमंत्री ब्रिटेन-यात्रा**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज लन्डनमा ब्रिटेनका प्रधानमन्त्री कीर स्टार्मरसँग वार्ता गर्नुहुनेछ। वार्ता लन्डनबाट ५० किलोमिटर उत्तर-पश्चिममा अवस्थित ब्रिटिश प्रधानमन्त्रीको आधिकारिक निवासमा हुनेछ। वार्ता मुख्यतया दुई देशहरू बीचको रणनीतिक सम्बन्धलाई नयाँ गति दिनमा केन्द्रित हुनेछ।प्रधानमन्त्री नरेन्द्र मोदी दुई दिने भ्रमणमा हिज राति ब्रिटेन पुग्नुभएको छ । उहाँको भ्रमणको उद्देश्य रक्षा, व्यापार र प्रविधि क्षेत्रमा द्विपक्षीय सम्बन्धलाई सुदृढ पार्नु हो। भ्रमणको क्रममा भारत-ब्रिटेन मुक्त व्यापार सम्झौतामा हस्ताक्षर हुनेछ। वाणिज्य मन्त्री पियुष गोयल र ब्रिटेनका वाणिज्य मन्त्री जोनाथन रेनॉल्ड्सले आज दुवै प्रधानमन्त्रीको उपस्थितिमा सम्झौतामा हस्ताक्षर गर्नुहुनेछ। तीन वर्षको वार्तापछि तय भएको यो व्यापार सम्झौताले बजारमा भारतीय सामानहरूको व्यापक पहुँच सुनिश्चित गर्नेछ। भारतले लगभग ९९ प्रतिशत उत्पादन वर्गहरूमा शुल्क छुट पाउनेछ।

प्रधानमन्त्री मोदी भोलि लन्डनबाट माल्दिभ्स जानुहुनेछ। उहाँको यो भ्रमण माल्दिभ्सका राष्ट्रपति मोहम्मद मोइजुको निमन्त्रणामा हुँदैछ। श्री मोदी शनिबार माल्दिभ्सको स्वतन्त्रताको ६० औं वार्षिकोत्सव समारोहमा विशिष्ट अतिथिको रुपमा उपस्थित हुनुहुनेछ। प्रधानमन्त्री मोदीले राष्ट्रपति मोइजुसँग वार्ता गर्नुहुनेछ अनि पूर्वाधार परियोजनाहरूको उद्घाटन गर्नुहुनेछ। माल्दिभ्स भारतको छिमेकी पहिलो नीति र भिजन ओशनमा एक महत्वपूर्ण साझेदार हो।

देशमा पहिलो राष्ट्रिय सहकारीता नीति २००२ मा लागू गरिएको थियो। यसको मुख्य उद्देश्य सहकारी संस्थाहरूको आर्थिक गतिविधिहरू व्यवस्थापन गर्नु थियो। सहकारी संस्थाहरूलाई थप समावेशी, व्यावसायिक रूपमा व्यवस्थित र भविष्यका लागि तयार बनाउने उद्देश्यले नयाँ नीति बनाईएको हो। यो नीति पूर्व केन्द्रीय मन्त्री सुरेश प्रभुको नेतृत्वमा रहेको ४८ सदस्यीय समितिले तयार पारेको हो। यसले सहकारी प्रणालीमा संरचनात्मक परिवर्तन ल्याउने र नवीनता, पारदर्शिता र दिगोपन बढाउने आशा गरिएको छ।

**भारतीय समुदाय-प्रधानमंत्री मोदी**

लन्डनमा रहेका भारतीय समुदायले प्रधानमन्त्री नरेन्द्र मोदीलाई 'मोदी, मोदी', 'भारत माता की जय' र 'वन्दे मातरम्' को नारा लगाउँदै स्वागत गरे। प्रधानमन्त्री मोदी दुई दिने ऐतिहासिक ब्रिटेन भ्रमणमा हिज लन्डन पुगनुभएको छ। यो भ्रमण स्वतन्त्र व्यापार सम्झौता - एफटीएमा हस्ताक्षर गर्न र भारत- ब्रिटेन व्यापक रणनीतिक साझेदारीलाई पुनर्स्थापित गर्ने कुरामा केन्द्रित छ। लन्डनको होटलमा प्रधानमन्त्री मोदीको आगमनमा एनआरआईहरूले प्रधानमन्त्री मोदीलाई 'मोदी, मोदी', 'भारत माता की जय' र 'वन्दे मातरम्' को नारा लगाउँदै स्वागत गरे। उनीहरूको हातमा पोस्टर पनि थियो। उनीहरूले प्रधानमन्त्री मोदीको स्वागतमा पारंपरिक वेशभूषामा नृत्य पनि गरे।

**अमित शाह-राष्ट्रीय सहकारिता नीति-2025**

केन्द्रीय गृह तथा सहकारीता मन्त्री अमित शाहले आज नयाँ दिल्लीमा **राष्ट्रिय सहकारीता नीति-२०२५** घोषणा गर्नुहुनेछ। यो कार्यक्रम अटल अक्षय ऊर्जा भवनमा आयोजना हुनेछ। यो नीति एक प्रमुख सुधार पहल हो जसले आगामी दुई दशक - २०२५ देखि २०४७ सम्म - भारतको सहकारीता आन्दोलनलाई मार्गदर्शन गर्नेछ। सहकारीता मन्त्रालयका अनुसार, नयाँ नीतिले सहकारी क्षेत्रलाई आधुनिकीकरण गर्ने र सहयोगबाट समृद्धिको लक्ष्य अनुरूप बनाउने लक्ष्य राखेको छ। यो नीतिले तल्लो तहमा विकासलाई प्रवर्द्धन गर्ने कार्य योजनाको आधार बनाउनेछ र २०४७ सम्ममा विकसित भारतको लक्ष्य प्राप्त गर्न सहकारी संस्थाहरूको भूमिका बढाउनेछ।

**लोकसभा मीडिया**

सूचना तथा प्रसारण मन्त्रालयले भारतमा १ लाख ५५ हजार भन्दा बढी प्रकाशनहरू र ९०८ निजी टिभी च्यानलहरू सहित सक्रिय प्रेस र मिडिया रहेको बताएको छ। सूचना तथा प्रसारण राज्यमन्त्री डा. एल. मुरुगनले लोकसभामा एक जवाफमा भारतको प्रेस रजिस्ट्रार जनरलमा दर्ता भएका प्रकाशनहरूको संख्या २०१४-१५ मा १ लाख ५ हजारबाट बढेर २०२४-२५ मा १ लाख ५५ हजार पुगेको छ। निजी स्याटेलाइट टिभी च्यानलहरूको संख्या पनि २०१४-१५ मा ८२१ बाट बढेर २०२४-२५ मा ९०८ पुगेको छ। डीडी फ्री डिशमा ९२ निजी च्यानल र ५० दूरदर्शन च्यानलहरू उपलब्ध छन्। देशभरका दर्शकहरूको व्यापक पहुँच सुनिश्चित गर्दै निजी र दूरदर्शन दुवै च्यानलहरू विभिन्न क्षेत्रीय भाषाहरूमा सञ्चालनमा छन्। देशभरि प्रसार भारती नेटवर्कको विस्तार प्रसारण पूर्वाधार र सञ्जाल विकास योजना २०२१-२६ अन्तर्गत निरन्तर प्रक्रिया हो। यस योजना अन्तर्गत हिमाचल प्रदेशमा तीन ट्रान्समिटरहरू स्वीकृत गरिएको छ।

**भारत-इस्राइल बैठक**

भारत र इजरायलले दीर्घकालीन रूपमा द्विपक्षीय रक्षा सहयोग बढाउन सहमति जनाएका छन्। रक्षा सचिव राजेश कुमार सिंहले हिजो नयाँ दिल्लीमा इजरायलको रक्षा मन्त्रालयका महानिर्देशक मेजर जनरल आमिर बरामसँग बैठक गर्नुभयो। वैठकमा रक्षा सहयोगलाई सुदृढ पार्ने रूपरेखा तयार गर्न सहमति भएको रक्षा मन्त्रालयले एक विज्ञप्तिमा जनाएको छ। मेजर जनरल आमिर बरामले पहलगाम आतंकवादी हमलाको निन्दा गर्नुभयो र आतंकवाद विरुद्धको लडाईमा भारतलाई पूर्ण सहयोगको आश्वासन दिनुभयो। रक्षा सचिव राजेश कुमार सिंहले आतंकवादप्रति भारतको शून्य सहनशीलताको नीतिलाई दोहोऱ्याउनु भयो र ७ अक्टोबर २०२३ मा इजरायलमा भएको आतंकवादी हमलाको निन्दा गर्नुभयो अनि सबै बन्धकहरूको रिहाइमा जोड दिनुभयो। दुवै पक्षले गत वर्ष जुलाईमा भारतमा भएको अन्तिम संयुक्त कार्य समूहको बैठकदेखि जारी रक्षा सहयोगको समीक्षा गरे।

**हरदीप-एथेनॉल मिश्रण**

पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरीले भारतले पेट्रोलमा २०% इथेनॉल मिश्रणको लक्ष्य पाँच वर्ष अगाडि नै हासिल गरिसकेको बताउनुभएको छ। एक सामाजिक सञ्जालमा पोस्टमा श्री पुरीले २०१४ मा केवल १.५% बाट २०२५ मा २०% इथेनॉल मिश्रणको स्वच्छ ऊर्जा लक्ष्य हासिल गर्नाले १.३६ लाख करोड रुपैयाँको विदेशी मुद्रा बचत भएको बताउनु भएको छ। उहाँले यसबाट किसानहरूले १ लाख १८ हजार करोड रुपैयाँ प्राप्त गरेको र कार्बन डाइअक्साइड उत्सर्जन ६९८ लाख टनले घटेको बताउनुभयो।

**भारत-चीन**

भारत र चीनले हिजो नयाँ दिल्लीमा सीमा मामिला परामर्श तथा समन्वय संयन्त्रको ३४ औं बैठकमा सीमा क्षेत्रको अवस्थाको समीक्षा गर्यो। भारतीय प्रतिनिधिमण्डलको नेतृत्व पूर्वी एसिया मामिलाका संयुक्त सचिव गौरंगलाल दासले गर्नुभएको थियो भने चीनी प्रतिनिधिमण्डलको नेतृत्व चिनि विदेश मन्त्रालयको सीमा तथा समुद्री  विभागका महानिर्देशक होङ लियाङले गर्नुभएको थियो।दुवै पक्षले सीमा क्षेत्रमा विद्यमान शान्तिप्रति सन्तुष्टि व्यक्त गरे र द्विपक्षीय सम्बन्ध सामान्यीकरणको आशा व्यक्त गरे। सीमा मामिलाहरूमा कूटनीतिक र सैन्य स्तरमा नियमित सम्पर्क कायम राख्न पनि सहमति भयो। दुवै पक्षले यस वर्ष भारतमा हुने भारत-चीन सीमा विवादमा विशेष प्रतिनिधि स्तरको अर्को चरणको वार्ताको लागि पनि तयारी गरे।

**रूस यूक्रेन वार्ता**

हिजो इस्तानबुलमा भएको तेस्रो चरणको शान्ति वार्तामा युक्रेन र रुसका प्रतिनिधिहरूले कैदी आदानप्रदान गर्न सहमति जनाए। युक्रेनको राष्ट्रिय सुरक्षा तथा रक्षा परिषद्का सचिव रुस्तम उमरोभले अगस्टको अन्त्यसम्ममा राष्ट्रपति भोलोदिमिर जेलेन्स्की र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच शिखर सम्मेलनको प्रस्ताव गरेको बताउनुभयो। टर्कीका विदेशमन्त्री हाकान फिदानले दुवै पक्षलाई अघिल्लो वार्ताको आधारमा शान्ति वार्तामा प्रगति गर्न र सकेसम्म चाँडो युद्ध अन्त्य गर्न आग्रह गर्नुभयो। उमरोभले युक्रेन र रुसले १२०० भन्दा बढी कैदी आदानप्रदान गर्न सहमत भएको बताउनुभयो।

**अमरनाथ यात्रा**

आज बिहानै जम्मूको भगवतीनगर आधार शिविरबाट ३५०० श्रद्धालुहरूको २२ औं समूह श्री अमरनाथ गुफा मन्दिरको लागि प्रस्थान गरेको छ। यी मध्ये ८३२ भक्तजन बालताल मार्ग हुँदै र २६६८ श्रद्धालु हिम शिवलिंगको दर्शन गर्न पहलगाम मार्ग हुँदै यात्रा गर्नेछन्।

**क्रिकेट भारत**

म्यानचेस्टरमा इङ्ग्ल्याण्डसँगको चौथो क्रिकेट टेस्ट म्याचको दोस्रो दिन भारतले पहिलो इनिङमा चार विकेटको क्षतिमा २६४ रन बाट अघि खेल्नेछ। पहिलो दिनको खेल समाप्त हुनजासम्म रविन्द्र जडेजा र शार्दुल ठाकुरले १९-१९ रन बनाएर क्रिजमा थिए। साई सुदर्शनले ६१ र यशस्वी जयस्वालले ५८ रन बनाएर आउट भए। यशस्वीले लोकेश राहुलसँग पहिलो विकेटको लागि ९४ रनको साझेदारी गरे। राहुलले ४६ रन बनाए। विकेटकिपर ब्याट्सम्यान ऋषभ पन्त दाहिने खुट्टामा चोट लागेपछि ३७ रन बनाएर रिटायर्ड हर्ट भए। आयोजक इङ्ग्ल्याण्डका लागि कप्तान बेन स्टोक्सले दुई विकेट लिए भने क्रिस वोक्स र लियाम डॉसनले एक-एक विकेट लिए।यसभन्दा अघि इङ्ल्यान्डले टस जितेर भारतलाई ब्याटिङका लागि आमंत्रित गरेको थियो । पाँच म्याचको शृङ्खलामा इङ्ल्यान्ड दुई एकले अघि छ।

****** ० ******